रोहिणी गाउँपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन

# रोहिणी गाँउपालिका बलेटिन

स्वच्छ रोहिणी समृद्ध रोहिणी

वर्ष: १ | अङ्क: ३ | महिना: माघ, फागुन, चैत | मिति :२०८३/१/०३

## बालिका विमाको विमालेख वितरण तथा स्वास्थ्य विमा कार्यक्रमको अभिमुखीकरण



"स्वच्छ रोहिणी, समृद्ध रोहिणी" अभियान अन्तर्गत गाउँपालिकाका अध्यक्ष ज्यूको उपस्थितिमा बालिका विमाको विमालेख वितरण तथा स्वास्थ्य विमा कार्यक्रमको अभिमुखीकरण सम्पन्न भएको छ। कार्यक्रममा बालिकाहरूको भविष्य सुरक्षाका लागि विमाको महत्वबारे जानकारी गराउँदै २५ जना बालिकाहरूलाई बालिका विमाको विमालेख वितरण गरिएको थियो। साथै स्वास्थ्य विमा कार्यक्रमको उद्देश्य, प्रक्रिया र लाभबारे विस्तृत अभिमुखीकरण प्रदान गरिएको थियो। कार्यक्रममा सहभागी अभिभावक तथा स्थानीयवासीहरूले विमा सेवाप्रति सकारात्मक प्रतिक्रिया दिएका छन्। यस्ता कार्यक्रमहरूले सामाजिक सुरक्षा सुदृढ गर्दै समृद्ध रोहिणी निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।




## पशु बिमा तथा पशु बिमा सेवामा कृषकको पहुँच वृद्धि



पशु बिमा तथा बिमा सेवामा कृषकको पहुँच वृद्धि गर्ने उद्देश्यले सचेतनामूलक कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा कृषकहरूलाई पशु बिमाको महत्व, प्रक्रिया तथा लाभबारे जानकारी प्रदान गरिएको थियो। विज्ञहरूले पशु रोग, दुर्घटना तथा अन्य जोखिमबाट हुने क्षतिबाट बच्न बिमा आवश्यक रहेको बताए। स्थानीय कृषकहरूले बिमा सेवाबारे स्पष्ट जानकारी पाएपछि सहभागिता बढ्ने अपेक्षा गरिएको छ। यस कार्यक्रमले कृषकहरूको आर्थिक सुरक्षा सुदृढ बनाउन महत्वपूर्ण योगदान गर्ने विश्वास गरिएको छ।

## उत्तर प्रसुती घरभेट कार्यक्रमको समीक्षा

गाउँपालिकामा सञ्चालन हुँदै आएको उत्तर प्रसुती घरभेट कार्यक्रमको समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्यकर्मीहरूद्वारा सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्थाबारे गरिएको अनुगमन र सेवाको प्रभावकारिताबारे छलफल गरिएको थियो। समीक्षा क्रममा कार्यक्रमले मातृ तथा शिशु मृत्यु दर घटाउन महत्त्वपूर्ण योगदान दिएको उल्लेख गरिएको छ। साथै, सेवा विस्तार र गुणस्तर सुधारका लागि आवश्यक सुझावहरू संकलन गरिएको छ।





## आ.व २०८२/८३ को हाल सम्मको आय व्याय

चालू आर्थिक वर्षको हालसम्मको विवरण अनुसार खर्च तर्फ चालू खर्च **५३.२२ प्रतिशत**, पूँजीगत खर्च **२३.०२ प्रतिशत** र कुल खर्च **४३.६८ प्रतिशत** प्रगति भएको छ।

त्यसैगरी आम्दानी तर्फ हालसम्म **३५ करोड ८३ लाख ५८ हजार ५ सय** रुपैयाँ संकलन भएको छ।

## विद्यालयका व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारीलाई २ दिने क्षमता विकास तालिम सम्पन्न



गाउँपालिकाको आयोजनामा सामुदायिक मदरसा तथा संस्थागत विद्यालयका व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारीहरूका लागि २ दिने क्षमता विकास तालिम सफलतापूर्वक सम्पन्न भएको छ। तालिममा ३२ जना सहभागीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि, नेतृत्व विकास तथा प्रभावकारी समन्वयका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो। सहभागीहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा लागू गरी विद्यालय सुधारमा योगदान गर्ने प्रतिबद्धता जनाएका छन्।

## आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

"स्वच्छ, समृद्ध गाउँपालिका" निर्माण गर्ने लक्ष्यसहित गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा गाउँपालिकाबाट प्रवाह भएका सेवा, विकास निर्माणका गतिविधि तथा बजेट खर्चको विवरण सार्वजनिक गरिएको थियो। यस सार्वजनिक सुनुवाई कार्यक्रमले गाउँपालिकाको पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ। साथै, जनताको सुझावलाई आत्मसात् गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता गाउँपालिकाले जनाएको छ।






कार्यक्रममा स्थानीय नागरिक, सरोकारवाला निकाय तथा सञ्चारकर्मीहरूका उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले सेवा प्रवाहमा देखिएका समस्या, गुनासा तथा सुझावहरू प्रस्तुत गरेका थिए भने सम्बन्धित शाखा प्रमुख तथा पदाधिकारीहरूले सोको जवाफ दिएका थिए।

कार्यक्रमले नागरिक र स्थानीय सरकारबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनुका साथै सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको गाउँपालिकाले जनाएको छ। यस्ता कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरी जनताको सहभागिता अभिवृद्धि गर्ने र विकास प्रक्रियालाई अझ समावेशी बनाउने लक्ष्य लिइएको छ।

## तह ३ को सुधारिएको चुलो वितरण

गाउँपालिकाले हाल सम्म तह ३ अन्तर्गत सुधारिएको चुलो ४२० वटा वितरण गरेको छ। कार्यक्रमको उद्देश्य घरायसी इन्धनको खपत घटाई स्वास्थ्यमा सुधार ल्याउनुका साथै वातावरण संरक्षणमा योगदान पुऱ्याउनु रहेको छ।





रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या
चलानी नं.

शिशु हेरचाह गर्न ईच्छुक व्यक्ति तथा परिवारले सम्पर्क गर्ने सम्बन्धि सुचना !!!
(सूचना प्रकाशित मिति :२०८३।०१।०२ गते)

मुलुकी देवानी संहिता २०७४ र बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७८ मा भएको व्यवस्था अनुरुप रोहिणी गाउँपालिका वडा नं.१ बरगदहीमा मिति २०८२।१०।१९ गते अं. १६:४० बजेको समयमा रोहिणी गाउँपालिका वडा नं.१ बरगदही स्थित गहुँ खेतको बिचमा अस्थायी रुपमा प्रयोग गर्दै आएको गोरेटो बाटोमा परालमा प्लाष्टिकले बेरी परालले छोपी सालनालसहितको नवजात शिशु बच्ची (छोरी)कराई रहेको अवस्थामा फेला परेकोले विशेष संरक्षण सम्बन्धमा मिति २०८३।०१।०२ गते बसेको रोहिणी गाउँपालिकाको स्थानीय बाल अधिकार समितिको बैठकको निर्णय अनुसार उक्त शिशु (बालिका) को हेरचाह गर्न ईच्छुक व्यक्ति तथा परिवारले तपसिलका न्युनतम मापदण्ड अनुरुप रही आवश्यक कागजात सहित रोहिणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,धकधई रुपन्देहीमा यो सुचना प्रकाशित मितिले ७ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरु

१.नेपाली नागरिक हुनुपर्ने।
२.आर्थिक रुपमा सक्षम भएको स्थानीय तहको सिफारिस (आयश्रोत झल्किने अन्य कागजात)
३.घरेलु हिंसा,बालबालिका विरुद्धको कसुर तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्वघोषणा।
४.मान्यता प्राप्त चिकित्सकबाट शारीरिक तथा मानसिक रुपमा बालबालिका हेरचाह गर्न सक्षम भएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोग बाट संक्रमित नभएको, लागु पदार्थ दुर्व्यसन वा अन्य कुनै कुलतमा नफसेको सम्बन्धि सिफारिस।
५.शिशु र संरक्षकको उमेरको फरक कम्तिमा २५ वर्ष नाघेको हुनुपर्ने।
६.निसन्तान हुनुपर्ने।
७.विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नभएको दम्पति।
८.पैतालीस वर्ष उमेर पुरा भएकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला।
९.पैतालीस वर्ष उमेर पुरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष।
१०.यसमा उल्लेख नभएका विषयहरुको सन्दर्भमा प्रचलित कानून बमोजिम हुनेछ।

(जगत बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

Website: www.rohinimun.gov.np Email: rohinigaupalika1@gmail.com

## १८ औ गाउँसभा २०८२ सम्पन्न








## समृद्ध रोहिणीको लागि अध्यक्षको अगुवाईमा "जनताको बुझाई" कार्यक्रम सम्पन्न




यस कार्यक्रममा स्थानीय नागरिकहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै गाउँपालिकाका योजना, नीति तथा कार्यक्रमबारे जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा नागरिकहरूले विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार सम्बन्धी आफ्ना धारणा, गुनासा तथा सुझावहरू राखेका थिए। अध्यक्षले जनताबाट आएका सुझावहरूलाई नीति तथा कार्यक्रम निर्माणमा समावेश गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।



त्यसैगरी, स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै दिगो विकासका कार्यक्रमहरू अगाडि बढाइनेछ। साथै, जनप्रतिनिधि, कर्मचारी र नागरिक बीच समन्वय र सहकार्यलाई सुदृढ गर्दै "समृद्ध रोहिणी, सुखी नागरिक" को लक्ष्य हासिल गर्न सबैको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

## गुनासो तथा सुझाव दर्ता

यस रोहिणी गाउँपालिका तथा यस अन्तर्गत पर्ने कार्यालयहरुको काम, कारबाही तथा सेवा प्रवाह सम्बन्धी गुनासो तथा सुझाव भएमा कृपया तलको QR कोड स्क्यान गरी गुनासो तथा सुझाव पेश गर्नुहुन अनुरोध छ ।

## १५ शैयाको अस्पताल निर्माण कार्य



१५ शैयाको अस्पताल निर्माणधीन अवस्थामा रहेको। हालसम्म उक्त कार्यको प्लेन्थ लेभलसम्मको काम भएको तथा पहिलो तल्लाको निर्माण भइरहेको छ। हालसम्म उक्त कार्यको प्रगति ३३% रहेको छ। यस चालु आ.वा मा स्ट्रक्चरल कामहरू सकाउनका लागि निर्माण व्यवसायीलाई तोकिएको छ।



## वडाध्यक्ष तथा वडा सचिवको सम्पर्क विवरण

| वडा नं. | वडाध्यक्षको नाम थर | सम्पर्क नं. | वडा सचिवको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | आविद अलि पठान | ९८५७०१५२१९ | राजकुमार मिश्र | ९८५७०१०५२२ |
| २ | करम हुसेन खान | ९८५७०४४७८६ | रबिलाल पौडेल | ९८४९२२६०५४ |
| ३ | वीर बहादूर क्षेत्री | ९८४७०२३१५७ | राजकुमार मिश्र | ९८५७०१०५२२ |
| ४ | तारानाथ यादव | ९८४७०३९९३७ | बलिराम चौधरी | ९८५७०१५२८४ |
| ५ | श्री घनश्याम  सिह क्षेत्री | ९८५७०२०७३० | पुर्णिमा घिमिरे | ९८६७०४८५९० |
| ६ | श्री इन्द्रमान चौधरी | ९८०७४३१८३४ | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ७ | अन्नान अहमद भाट | ९८४७१३८०२२ | आनन्दलाल कर्ण | ९७४५४०८६२१ |



## शिक्षा शाखाको त्रैमासिक प्रगती प्रतिवेदन

| क्र.स. | बिषय/कार्य | विवरण | कैफियत |
|---|---|---|---|
| १. | एस ई ई परीक्षा अनुगमन | ७ पटक | |
| २. | स्यानिटरी प्याड खरीद प्रक्रियामा रहेको | | |
| ३. | तलव निकाशा तेस्रो त्रैमासिक भएको | रु.२८७१६०७८ | |
| ४. | छात्रवृत्ती पाठ्यपूस्तक निकाशा भएको | रु.३१८१२७६ | |
| ५. | दिवा खाजा निकाशा तेस्रो | रु.२१७७००० | |
| ६ | आधारभूत तह परीक्षा परीक्षा सञ्चालन | ६८७ कक्षा -८ | |
| ७ | विद्यालय अनुगमन भएको | १० वि. | |
| ८ | विद्यालयलाई खेलकुद सामग्री वितरण प्रक्रियामा रहेको | | |
| ९ | प्र. अ. तथा शिक्षा समिति बैठक | ४ पटक | |
| १० | करार शिक्षक नियुक्ति | २ जना | |
| ११ | तालिम सञ्चालन (वि. व्य. स. समिति पदाधिकारीहरुलाई) | ३२ जना | |
| १२ | आधारभूत तह परीक्षा २०८२ नतिजा प्रकासन भएको | | |
| १३ | ईमिस डाटा अपडेट | विद्यालय सबै | |

## नियमित खोप सेवा मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम














रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या ०८२/८३
चलानी नं:

फोन: ०७१४११०४७

मिति: २०८३।०१।०४

**सामुदायिक, परम्परागत र संस्थागत विद्यालयहरुलाई जरुरी सूचना।**

नेपालको संविधान तथा प्रचलित कानून अनुसार आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको भएकोले रोहिणी गाउँपालिका अन्तर्गतका विद्यालयहरुले तपसिल बमोजिम गर्नु/गराउनुहुन सूचनाद्वारा जानकारी गराइन्छ।

क) मिति २०८३।०१।०७ गतेदेखी १४ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने । मिति २०८३।०१।१५ गते देखि नियमित पठन-पाठन सञ्चालन गर्ने।

ख) बालविकास कक्षामा भर्ना हुने बालबालिकाको जन्मदर्ता अनिवार्य रुपमा पेश गर्न लगाउने । विविध कारणले जन्मदर्ता प्राप्त गर्न नसकेका बालबालिकाको हकमा स्थानीय तहबाट प्रमाणित विवरणको आधारमा भर्ना गर्ने । विदेशी शैक्षिक संस्थामा अध्ययन गरेका विद्यार्थीको हकमा आधिकारिक निकायबाट सत्यता प्रमाणित (Attested documents) प्रमाणपत्रको आधारमा विद्यार्थीको भर्ना गर्ने। विद्यार्थी विवरण २०८३।०१।१६ देखि IEMIS मा अध्यावधिक गर्ने।

ग) विद्यालय छनौटको अधिकार विद्यार्थीको भएको हुनाले विद्यार्थीले विद्यालय परिवर्तन गर्न चाहेमा विद्यार्थीलाई निजको प्रमाणपत्र उपलब्ध गराउने र नयाँ शैक्षिक संस्थामा IEMIS ट्रान्सफर गरिदिने। प्रमाणपत्र उपलब्ध नगराउने र IEMIS ट्रान्सफर नगरिदिने विद्यालय उपर विद्यार्थी वा निजको अभिभावकले गाउँपालिकाको न्यायिक समितिमा निवेदन पेश गर्न सकिने।

घ) विद्यालयमा एकपटक भर्ना भई अध्ययनरत विद्यार्थीहरुको हकमा पुन: भर्ना शुल्क नलिने।

ङ) सार्वजनिक विद्यालयहरुले भर्ना संगै नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने सुनिश्चितता गर्ने।

च) निजी लगानीका विद्यालयले अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा (२७) मा निर्धारित अनुपातमा विद्यार्थीलाई अनिवार्य रुपमा छात्रवृत्ती उपलब्ध गराउने।

छ) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्ने। पाठ्यक्रम विकास केन्द्रको स्वीकृति विना थप पाठ्यपुस्तक र पाठ्यसामग्री प्रयोग नगर्ने।

ज) विद्यालयबाट मात्र शैक्षिक सामग्री तथा पोषाक खरिद गर्न बाध्य गराउने कार्य नगर्ने/ नगराउने।

झ) विद्यालयसंग सम्बन्धित विवरणहरु वास्तविकता संग मेलखाने गरी IEMIS मा entry/update गर्ने।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

Scanned with CamScanner
Website: www.rohinimun.gov.np Email: rohinigaupalika1@gmail.com



*संरक्षकः श्री विद्या प्रसाद यादव/श्री शिवकान्ती चमार*

*सम्पादन समितिःश्री दिपा सुवेदी, श्री निता पौडेल*

*सल्लाहाकारः श्री जगत बहादुर बस्नेत*

*श्री शान्ती कुमारी यादव*

*टाइप, सेटिङ तथा डिजाइनः श्री निता पौडेल (सू.प्र.अ)*